प्रमाणीकरण मितिः-२०७९/०५/२९

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः १८ अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८३ सालको कार्यक्रम संचालन मापदण्ड-१८

## बाँझो जमिनमा खेति विस्तारको लागि प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड- २०७९

कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०७९/०५/२९

प्रस्तावनाः भीमफेदी गाउँपालिकाको विभिन्न क्षेत्रहरुमा विभिन्न खाद्यान्न तथा नगदे बाली खेति गरिएता पनि अधिकांश क्षेत्रका जमिनहरु बाँझो रहिरहेको देख्न सकिन्छ । यस बाझो रहेको जमिनमा भौगोलिक तथा हावापानीको विविधताको उपयोग गरी विभिन्न खाद्यान्न बाली, विभिन्न फलफुल बाली खेति गरी कृषकको आयस्तरमा वृद्धि गर्न र बाझो जमिनको उपयोग गरी खाद्य सुरक्षामा टेवा पुऱ्याउन सकिन्छ । बाँझो जमिनमा उत्पादन तथा उत्पादकत्व वृद्धि र विस्तार गरी कृषकको आयस्तरमा वृद्धि रोजगारीको अबसर सिर्जना गर्न तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउन कृषकहरुलाई बाँझो जमिनमा खेति विस्तारको लागि अनुदान प्रदान गर्नको लागि भीमफेदी गाउँपालिकाबाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "बाँझो जमिनमा खेति विस्तारको लागि प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड २०७९ रहेको छ।

(२) यो मापदण्ड गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस मापदण्डमा,

क) "स्थानीय तह" भन्नाले भीमफेदी गाउँपालिका सम्झनु पर्छ

ख) "गाउँपालिका" भन्नाले स्थानीय तह अन्तर्गतको भीमफेदी गाउँपालिका सम्झनु पर्छ।

ग) "शाखा" भन्नाले गाउँपालिका अन्तर्गतको कृषि विकास शाखा सम्झनु पर्छ।

घ) "कार्यक्रम" भन्नाले गाउँपालिकाको बाँझो जमिनमा खेति विस्तारको लागि प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

ङ) "वडा" भन्नाले भीमफेदी गाउँपालिका अन्तर्गत नौ वटा वडा सम्झनुपर्छ ।

च) "कृषक" भन्नाले यस स्थानिय तहमा स्थायी बसोवास गर्ने रैथाने बाली खेती गर्ने कृषक सम्झनुपर्छ।

छ) "बाँझो जमिन" भन्नाले २ वर्ष अगाडी देखि खेति नगरीएको जमिन सम्झनु पर्छ ।

३. **उद्देश्य :** यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछ,

क) गाउँपालिका क्षेत्रभित्र रहेका बाँझो जमिनमा बिभिन्न बालीहरुको उत्पादन गरी खाद्य सुरक्षा, पोषण तथा कृषकको आयस्तरमा सुधार ल्याउने,

४. **कार्यक्रम सञ्चालन मापदण्ड सम्बन्धी व्यवस्थाः**

(१) कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाको कृषि विकास शाखाले एक आर्थिक वर्षका लागि एक पटक सूचना प्रकाशन गर्नेछ ।

(२) यस कार्यक्रम नगद अनुदानमा आधारित कार्यक्रम भएकाले प्रति रोपनी जमिनमा खाद्यान्न बालि, तरकारी बालि तथा प्रति बोट फलफुल बालिको बिरुवा लगाएको आधारमा अनुदान दिईनेछ । यसरी अनुदान दिदाँ प्रति रोपनि खाद्यान्न बालि (धान) उत्पादन बापत रु.२००० दुई हजार रुपैया मात्र) तरकारी उत्पादन वापत प्रति रोपनि रु. २५०० (दुई हजार पाँच सय मात्र) र फलफुल बिरुवा बापत प्रति बोट रु १०० नगद अनुदान दिईनेछ ।

(३) अनुदनका लागि कृषकले दफा ५ बमोजिमको आवश्यक कागजात तथा प्रक्रिया पुरा गरी गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(४) कृषकको निवेदन पश्चात सम्बन्धित वडा कार्यालयमा खटिएका कृषि प्राविधिकलाई सम्पर्क गरी बाँझो जमिनको अनुगमन गराउनु पर्नेछ र सो प्रतिवेदन सम्बन्धीत वडा कार्यालयवाट प्रमाणित गराई यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) यसरी अनुदानका लागि प्रति कृषक बढीमा प्रति वर्ष १ पटक मात्र अनुदानका लागि आवेदन गर्न सक्नेछ ।

(६) यस कार्यक्रममा भीमफेदी गाउँपालिकाको वडा नं. १ देखि ९ सम्मको स्थायी बासिन्दा भई २ वर्ष देखि बाँझो रहेको जमिनमा खेती गर्ने कृषकहरुलाई मात्र यस कार्यक्रममा समावेश गरिनेछ ।

(७) यस अनुदान कार्यक्रम नगद अनुदानमा आधारित कार्यक्रम भएकाले बाँझो जमिनमा खति गरेको आधारमा अनुदान दिईनेछ र प्रति कृषक / निजि तथा व्यक्तिगत कृषि फर्म / कम्पनीहरुलाई फलफुलको विरुवा कम्तिमा ५० बोट र बढीमा ५०० बोट त्यसैगरी तरकारी र खाद्यान्न बाली कम्तिमा १ रोपनी र बढीमा २० रोपनी सम्म मात्र नगद अनुदान दिईनेछ ।

**५. प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः**

दफा ४ को उपदफा (१) अनुसार प्रकाशित सूचना बमोजिम देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

देहायः-

(क) बाँझो जमिनमा खेति प्रवर्द्धन अनुदान कार्यक्रम उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निवेदन,

(ख) निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

(ग) लालपुर्जाको प्रतिलिपी, भाडामा लिएको भएको कम्तिमा १० वर्षको करारनामा,

(घ) बाँझो जमिनको फोटो,

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(च) अनुसूची (१) बमोजिमको कृषि प्राविधिकको स्थलगत प्रतिवेदन,

(छ) वडा कार्यालयको सर्जिमिन मुचुल्का

(ज) बाँझो जमिनमा खेति गरीसकेपछिको फोटो।

**६. बाधा अड्काउ फुकाउने अधिकारः-**

वत्स मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

**७. खारेजी र बचाउः-**

(१) बाँझो जमिनमा खेति प्रवर्द्धन अनुदान कार्यक्रम सम्बन्धी यस पूर्व गाउँ कार्यपालिकाको कार्यालयले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ ।

(२) यस मापदण्ड नेपालको संविधान तथा अन्य प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

प्रमाणीकरण मितिः-२०७९/०५/२९

**अनुसूची-१**

(दफा ५ (च) सँग सम्बन्धित)

**कृषि प्राविधिकको प्रतिवेदन**

यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको कृषि प्राविधिकहरुको उपस्थितीमा बाँझो जमिनमा खेति विस्तारका लागि प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकहरुको बाँझो तथा खेती गरिएको जमिनको अनुगमन तथा निरीक्षणका क्रममा तपसिल बमोजिमको बाँझो जमिनको विवरण संकलन गरियो ।

**तपशिल**

कार्यक्रमको नामः बाँझो जमिनमा खेति विस्तारको लागि प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम

| क्र.स. | कृषकको नाम थर | ठेगाना | बाँझो जमिनको कित्ता नं. | जमिनको क्षेत्रफल (रोपनी) | स्थलगत निरीक्षण गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रतिवेदक

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत